प्रसौनी गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रसौनी बारा
२ नं.प्रदेश

## सिलबन्दी दरभाउ पत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित भएको मिति :२०७५/१/१)

यस कार्यालयलाई आ.व. ०७४/०७५ मा निम्न सामग्रीहरु सिलबन्दी दरभाउ पत्रबाट खरिद गर्नुपर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही रित पूर्वकको नेपाल सरकारबाट ईजाजत प्राप्त ईच्छुक फर्म, व्यवसायीहरुबाट सिलबन्दी दरभाउ पत्र खरिद गर्न यो सूचना आव्हान गरिन्छ ।

तपसिल

१. योग्य फर्म व्यवसायीहरुले यस सम्बन्धी थप जानकारीको लागि वा सिलबन्दी फारम पत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा यस कार्यालयको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन् : प्रसौनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, प्रसौनी ,बारा, मो. :९८५५०४८३०३

२. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म दरभाउपत्र फाराम यस कार्यालयमा सम्बन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित ईजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र,मुल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणित प्रमाण पत्र, आ.व.०७३/०७४ सम्मको कर चूक्ता गरेको प्रमाणित पत्र नियमानुसारको तपसिलमा उल्लेख दस्तुर(पछि फिर्ता नहुने गरी) निवेदन साथ पेश गरेपछि नियमानुसार सिलबन्दी दरभाउपत्र फाराम यस कार्यालयबाट उपलब्ध गराईनेछ ।

३. फर्मले सिलबन्दी दर रेट पेश गर्दा खाम वाहिर आफ्नो फर्मको नाम थर,वतन र कामको विवरण स्पष्ट उल्लेख गरी सिलबन्दी गरी यस कार्यालयमा मिति २०७५/१/१५ गते दिउँसो १२:०० वजे भित्र दर्ता गरिसक्नुपर्नेछ ।

४. तोकिएको समय भित्र दर्ता भएका सिलबन्दी दरभाउ पत्रहरु उपस्थित हुन चाहेका प्रस्तावकहरु वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा मिति २०७५/१/१५ गते दिनको २:०० बजे खोलिनेछ । प्रस्तावक वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि दरभाउ पत्र खोल्न कुनै बाधा पर्ने छैन । कारणबश सिलबन्दी दरभाउ पत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि कार्यालय खुल्ने दिन खरिद गर्ने र पेश गर्ने वा खोल्ने अन्तिम मिति कायम हुनेछ ।

५. सिलबन्दी दरभाउ पत्र खोलिएको दिनदेखि गणना हुने गरी ४५ दिन सम्मको लागि मान्य हुनेछ । सिलबदी दरभाउको साथ जमानत वापतको धरौटी रकम राष्ट्रिय वाणिज्य बैंक,कलैया बारा स्थित यस कार्यालयको नाममा रहेको धरौटी खाता नं.१२६०३०३००७१०६ मा जम्मा गरेको सक्कल बैंक भौचर यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा ७५ दिन सम्म मान्य भएको निशर्त जमानत पेश गर्नुपर्नेछ ।

६. कुनै वा सबै सिलबन्दी दरभाउ पत्र, पुरै वा आशिंक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार खरिदकर्तामा निहित रहनेछ ।

७. यस सूचनामा उल्लेख नभएका अन्य विषय प्रचलित ऐन, नियमानुसार हुनेछ ।

८. सिलबन्दी दरभाउ पत्रको कामको विवरण निम्नानुसार छ ।

| ठेक्का नं. | कामको विवरण | धरौटी रकम रु. | फाराम दस्तुर ( फिर्ता नहुने गरी) रु. | कैफियत |
|---|---|---|---|---|
| ०३/०७४/०७५ | छात्राहरुको लागी साईकल | २०,०००।- | १,०००।- | |
| ०४/०७४/०७५ | डेक्सटप कम्प्युटर, ल्यापटप तथा प्रिन्टर | ४०,०००।- | १,०००।- | |
| ०५/०७४/०७५ | गेड लाईड ईलेक्ट्रीक सामान | २५,०००।- | १,०००।- | |

२०७४/१२/३०

प्रमुख प्रशासकीय अधिकृत
सुनिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत